# बझाङ्ग जिल्ला पार्श्वचित्र, २०७०

# Bajhang District Profile, 2014

**जिल्ला विकास समितिको कार्यालय**

**बझाङ्ग**

बैशाख २०७१

**पुस्तक**

बझाङ्ग जिल्ला पार्श्वचित्र, २०७०

**सम्पादन**

युवराज कटेल, स्थानीय विकास अधिकारी

**प्रकाशन**

सूचना केन्द्र

जिल्ला विकास समिति, बझाङ्ग

**आर्थिक तथा प्राविधि सहयोग**

संयुक्त राष्ट्र जनसंख्या कोष, संयुक्त राष्ट्र बाल कोष

**पार्श्वचित्र परामर्शदाता**

श्री पर्शुराम उपाध्याय, कार्यकारी निर्देशक, गाविस राष्ट्रिय महासंघ

श्री लक्ष्मण पाण्डे, वरिष्ठ कार्यक्रम अधिकृत, गाविस राष्ट्रिय महासंघ

श्री विनोद ढकाल, कार्यकारी निर्देशक, इन्लोगस

**प्रकाशन मिति**

बैशाख २०७१ (पहिलो संस्करण)

**प्रकाशित प्रति** : ५००

**मूल्य**

व्यक्तिगत रू. ३५०

संस्थागत रू. ५००

**आवरण डिजाइन**

गणेश बराल

**ले-आउट**

सचन विश्वकर्मा (कलश एड)

**मुद्रण**

स्काई प्रेस, बिजुलीबजार, ०१-४७८४२८३

**प्रकाशन सहयोग**

संयुक्त राष्ट्र जनसंख्या कोष

नेपाल सरकार
संघीय तथा स्थानीय विकास मन्त्रालय
**जिल्ला विकास समितिको कार्यालय,**
चैनपुर बझाङ्ग

प.सं. ०७०।०७१
च.नं.

मिति :२०७१/०१/३०

# दुई शब्द

भरपर्दो र व्यवस्थित सूचना/तथ्याङ्क जिल्लाको समग्र विकास योजनाको लागि महत्वपूर्ण आधारको रुपमा रहेको हुन्छ । विद्यमान भौतिक, सामाजिक, आर्थिक, सांस्कृतिक एवम् वातावरणीय संरचनाहरु र तीनको अवस्थाबारे पर्याप्त जानकारीबिना उपयुक्त योजना तर्जुमा गर्न सकिँदैन । वास्तविक सूचना तथा तथ्याङ्कहरुको विश्लेषण विना तयार पारिएका योजनाहरु काल्पनीक, अपेक्षित प्रतिफल नदिने तथा असफल हुने सम्भावना रहन्छ । दीगो विकासको लागि योजनाहरुको तर्जुमा वैज्ञानिक एवम् सहि ढंगबाट गरिनु पर्दछ । यसको लागि जिल्लामा उपलब्ध स्रोतसाधान, सम्भावना र आवश्यकता सम्बन्धी यथार्थपरक सूचना एवम् तथ्याङ्कहरु संकलन तथा विश्लेषण गर्न आवश्यक हुन्छ । यसै कुरालाई मनन गरी जिल्लामा उपलब्ध सूचना तथा तथ्याङ्कहरुको संकलन र विश्लेषणलाई व्यवस्थित, वैज्ञानिक र विश्वासनीय बनाई यसैको जगमा तत्कालै आवधिक जिल्ला विकास योजना तयार गर्ने महत्वपूर्ण सोचका साथ जिल्ला विकास समिति बझाङ्गद्वारा 'बझाङ्ग जिल्ला पार्श्वचित्र, २०७०' प्रकाशित गरिएको छ ।

यस पार्श्वचित्रले मुलतः जिल्लाको विकाससँग सम्बन्धित सबै निकाय, अन्तर्राष्ट्रिय/राष्ट्रिय विकास साझेदार संस्थाहरुलाई योजना तर्जुमा प्रक्रियामा सबैभन्दा बढी सहयोग पुऱ्याउने छ भन्ने अपेक्षा लिएको छु । त्यसो त यसले जिल्लाको समग्र आर्थिक, भौतिक, सामाजिक र भौगालिक अवस्था बारे जानकारी लिन चाहने सबैका लागि सहयोग पुग्ने नै छ । 'बझाङ्ग जिल्ला पार्श्वचित्र,२०७०' जिल्लाको समष्टिगत अवस्था झल्काउने आफैमा एउटा चिनारीको रुपमा रहने छ भन्ने मैले ठानेको छु ।

यस पार्श्वचित्रमा समेटिएका तथ्याङ्कलाई विश्वासनीय, वैद्य र भरपर्दो बनाउन भरमग्दुर प्रयास गरिएको छ । तथापि यो पूर्ण भने अवस्य छैन किनभने यो बझाङ्ग जिल्ला विकास समितिको पहिलो प्रयास हो । अतः यसलाई अझ परिस्कृत बनाउन सम्बन्धित सबैबाट उचित सल्लाह सुझावको समेत अपेक्षा गर्दछु ।

यो पार्श्वचित्र तयार गर्न आर्थिक तथा प्राविधिक सहयोग गर्ने युनिसेफ नेपाल, युएनएफपीए, गाविस महासंघ, युएमएनप्रति धन्यवाद व्यक्त गर्दछु । साथै प्रकाशन सहयोगका लागि युएनएफपीएलाई पुनः धन्यवाद ।

अन्तमा, यस पार्श्वचित्रलाई तयार पार्न महत्वपूर्ण योगदान गर्नुहुने जिल्लास्थित सबै राजनीतिक दलहरु, सरकारी कार्यालयहरु, विकास साझेदार संस्थाहरु लगायत बझाङ्गबासी सम्पूर्ण सरोकारवालाहरुप्रति आभार व्यक्त गर्न चाहन्छु ।

२०७१/१/३०

**युवराज कटेल**
स्थानीय विकास अधिकारी

# शब्दसंक्षेप (Abbreviations)

| संक्षेप | पूरा रुप |
|---|---|
| गाविस | गाउँ विकास समिति |
| गैसस | गैर सरकारी संस्था |
| जिविस | जिल्ला विकास समिति |
| नेरेसो | नेपाल रेडक्रस सोसाईटी |
| ASRH | Adolescent Sexual Reproductive Health |
| CERT | Community Emergency Response Team |
| CRRT | Community Rapid Response Team |
| DDRC | District Disaster Relief Committee |
| DDRT | District Disaster response Team |
| DEOC | District Emergency Operation Center |
| DMC | Disaster Management Committee |
| DTO | District Technical Office |
| DPHO | District Public Health Office |
| DWASHCC | District Water, Sanitation and Hygiene Coordination Committee |
| FCHV | Female Community Health Volunteer |
| SGBV | Sexual Gender Based Violence |
| HW | Health Worker |
| IEC | Information, Education and Communication |
| IRA | Initial Rapid Assessment |
| MIRA | Multi-Cluster Initial Rapid Assessment |
| MISP | Minimum Initial Service Package |
| MoU | Memorandum of Understanding |
| NFRI | Non Food Relief Items |
| NRCS | Nepal Red Cross Society |
| ORT | Oral Re-hydration Therapy |
| PVCA | Participatory Vulnearability and Capacity Assessment |
| PWD | People with Disability |
| QRT | Quick Response Team |
| RRT | Rapid Response Team |
| SAM | Severe Acute Malnutrition |
| SFP | Supplimentary Feeding Programme |
| SOP | Standard Operating Procedures |
| VDC | Village Development Committee |
| VWASHCC | Village Water, Sanitation and Hygiene Coordination Committee |
| WASH | Water Supply, Sanitation and Hygiene Promotion |
| WDO | Women Development Officer |
| WSSDO | Water Supply and Sanitation Division Office |

# विषयसूची


**खण्ड १: भूमिका** ११

१. पृष्ठभूमि १३

१.२ जिल्ला पार्श्वचित्रका उद्देश्यहरू १४

१.२.१ दीर्घकालीन उद्देश्य १४

१.२.२ तत्कालीन उद्देश्य १४

१.३. जिल्ला पार्श्वचित्र तयारीको विधि एवं प्रक्रिया १४

१.४ अध्ययनको सीमा १५

१.५ जिल्लाको संक्षिप्त परिचय १५

**खण्ड २ : जिल्ला पार्श्वचित्रको विवरण** १७

२.१ भौगोलिक तथा भौतिक स्थिति चित्रण १९

२.१.१ भौगोलिक अवस्थिति, सीमाना तथा राजनीतिक, प्रशासनिक विभाजन १९

२.१.२ भू-उपयोग १९

२.१.३ भू-बनौट तथा जमिनको किसिम २१

२.१.४ माटोको वनावट र उर्वराशक्ति २१

२.१.५ भू-क्षय संभावित क्षेत्र २४

२.१.६ जलवायु २५

२.१.७ जलभण्डार २५

२.१.८ जिल्लाको ऐतिहासिक पृष्ठभूमि २६

२.१.९ जिल्लाका अन्य प्रमुख विशेषताहरू २६

२.२ जनसंख्या विवरण तथा प्रक्षेपण २८

२.२.१ जनसंख्याको आकार २८

२.२.२ उमेर समूह तथा लिंग अनुसार जनसंख्या ३१

२.२.३ जनजाति, धर्म तथा भाषागत जनसंख्या विवरण ३२

२.४ अपाङ्गता भएका जनसङ्ख्या विवरण ३४

२.५ जिल्लाको जनसंख्याको बैबाहिक अवस्था ३४

२.६ व्यक्तिगत घटना दर्ता विवरण ३५

२.७ जनसंख्याको वृद्धिदर तथा प्रक्षेपण ३५

२.८ जनघनत्व ३६

**खण्ड ३ : शहरीकरण तथा बस्ती विकासको स्वरूप** ३७
३. शहरीकरण तथा बस्ती विकासको स्वरूप ३९
३.१ शहरीकरण ३९
३.२ बस्ति विकासको स्वरूप ३९
३.३ शहरी तथा ग्रामीण क्षेत्रमा आवास स्थिति ३९

**खण्ड ४. जिल्लाको आर्थिक तथा रोजगारी स्थिति** ४१
४.१ जिल्ला अर्थतन्त्रको संरचनात्मक स्वरूप ४३
४.२ कृषि विकास क्षेत्र ४३
४.२.१ स्थानीय कृषि जैविक विविधताहरू ४४
४.२.२ प्रस्तावित कृषि सेवा केन्द्रहरूको विवरण ४९
४.३ पशु विकास क्षेत्र ५६
४.३.१ पशु पालन पकेटक्षेत्र तथा संलग्न कृषक समूहहरूको विवरण ५६
४.३.२ पशुपंक्षी तथ्यांक तथा पशुजन्य पदार्थको उत्पादन विवरण ५७
४.३.३ पशु रोगको स्थिति ५८
४.३.४ पशुजन्य उद्योगहरूको विवरण ६०
४.३.५ विद्यमान समस्या, सवाल, विश्लेषण तथा सुझाव ६१
४.४ बझाङ जिल्लामा खाद्य सुरक्षाको अवस्था ६१
४.४.१ खाद्य सुरक्षा मापनका आधारहरू ६२
४.५ जिल्लाको अर्थतन्त्रको विशिष्टिकरण ६३
४.५.१ अन्तरजिल्ला सम्बन्ध तथा समन्वय ६३
४.५.२ अन्तर्राष्ट्रिय सीमा सम्बन्ध र व्यापार ६३
४.५.३ पश्चिम सेती जलविद्युत परियोजना ६३
४.५.४ खप्तड पर्यटकीय क्षेत्र ६३
४.६ आयस्तर तथा गरिवीको स्थिति ६४
४.६.१ जिल्लाको समग्र समृद्धिस्तर तथा गरिवीको अवस्था ६४
४.६.२ विभिन्न प्रकारका सुविधामा पहुँच ६५
४.६.३ गाविसहरूको पिछडिएको समूह नक्शाङ्कन ६५
४.७ उद्योग तथा व्यापार व्यवसाय ६७
४.७.१ जिल्लामा घरेलु उद्योग सम्वन्धी विवरण ६८
४.७.२ घरेलु तथा साना उद्योग विकास समितिको कार्यालयबाट दिईएको तालिमको विवरण ६८
४.७.३ जिल्लामा दर्ता भएका उद्योगहरूको विवरण ६९
४.७.४ घरेलु तथा साना उद्योग विकास समितिबाट संकलित राजश्वको विवरण ७०
४.८ उद्योग तथा खानी क्षेत्रको स्थिति ७१
४.८.१ प्रमुख खानी, खनिजहरू तथा स्थान ७१
४.८.२ उद्योग स्थापना तथा संचालन ७१
४.९ व्यापार, पर्यटन तथा सेवा क्षेत्रको स्थिति ७३
४.९.१ व्यापार तथा होटल व्यवसाय ७३
४.१० श्रमशक्ति तथा रोजगारी स्थिति ७६
४.११ अन्य आर्थिक विकासका सम्भावनाहरू ७६

४.११.१ सामाजिक  पूँजी परिचालन ७६
४.११.२ प्राकृतिक स्रोत परिचालन ७६
४.११.३ कृषि क्षेत्रको व्यवसायीकरण ७६
४.११.४ चीनसँग जोड्ने रणनीतिक मार्गका रूपमा विकास ७६
४.१२ सहकारी क्षेत्र विकास ७७

**खण्ड ५. भौतिक तथा सार्वजनिक पूर्वाधार ७९**
५.१ सडक, यातायात ८१
५.२ जिल्लामा रहेका पुल पुलेसाहरू ८६
५.२.१ पक्कीपुलहरू ८६
५.२.२ झोलुङ्गे पुलहरू ८६
५.३ अन्य यातायातका माध्यमहरू ८८
५.३.१ हवाई यातायात ८८
५.३.२ जल यातायात ८९
५.४ सञ्चार सुविधा ८९
५.४.१ दुर सञ्चार सेवा ८९
५.४.२ हुलाक सेवा ८९
५.४.३ रेडियो, टेलिभिजन, केवल सेवा ९०
५.५  ऊर्जा विकास र प्रयोगको स्थिति ९०
५.४.३ विद्युत उर्जाको उत्पादन र प्रयोग (गाविसगत) ९१
५.४.४ विद्युत उर्जाको उत्पादन र प्रयोग (आयोजनागत) ९२
५.५ खानेपानी तथा सरसरफाई ९३
५.५.१ खानेपानीको श्रोतका आधारमा घरधुरीहरूको विवरण ९४
५.५.२ विद्यालयमा खानेपानी तथा सरसफाई सुविधा सम्बन्धी विवरण ९४
५.५.३ लाभान्वित जनसंख्या ९४
५.५.४ चर्पी प्रयोग गर्ने घरपरिवार संख्या (२०७० माघ मसान्तसम्म) ९५
५.५.५ जिल्लामा खानेपानी उपलब्धताको स्थिति ९५
५.५.६ सरसफाईको अवस्था ९७
५.६ ढल निकास र फोहोरमैला संकलन तथा व्यवस्थापन ९९
५.७ नदी नियन्त्रण ९९
५.८ सिंचित क्षेत्र तथा सिंचाइ प्रणाली ९९
५.८.१ सञ्चालित मुख्य कार्यहरू : १००
५.८.२ सञ्चालनमा रहेका आयोजना तथा कार्यक्रमहरू १००
५.८.३ सिंचाई क्षेत्रका विद्यमान सवाल तथा समस्याः १००

**खण्ड ६. सामाजिक पूर्वाधार तथा सेवा १०३**
६.१ शिक्षा १०५
६.१.१ जिल्लाको साक्षरताको अवस्था १०५
६.१.२ बालमैत्री स्थानीय शासन सम्बन्धी सूचकहरूको संक्षेप ११५
६.१.३ विद्यालय व्यवस्थापन समितिमा बाल प्रतिनिधित्व ११५

६.२ स्वास्थ्य ११६
६.३ खेलकुद तथा मनोरञ्जन १२२
६.४ समाज कल्याण तथा सामाजिक सुरक्षा १२२
६.४.१ बाल गृह, बृद्धबृद्धा, आश्रम र स्थिति १२२
६.५ सामाजिक न्याय तथा विकास १२५
६.६ नागरिक सुरक्षा सेवा १२५
६.७ महिला तथा बालबालिकाको विकास स्थिति १२५
६.७.१ समाजमा महिला तथा बालबालिकाको अवस्था १२६
६.७.२ महिलाहरूको संस्थागत सक्रियताको स्थिति १२६
६.७.३ क्षमता अभिवृद्धि तथा लैगिंक हिंसा न्यूनिकरण सम्बन्धी भए गरेका कार्यहरू १२७
६.७.४ महिला सहकारी विकास सम्बन्धी कार्य १२८
६.७.५ उमेर समूह अनुसार बालबालिकाको संख्या १२८
६.७.६ जिल्लामा संचालनमा रहेका बालक्लवहरूको विवरण १२८
६.७.७ गा.वि.स. अनुसार बालबालिकाहरूको तथ्याङ्क १२९
६.७.८ बालसंरक्षण अनुदान (भत्ता) प्राप्त गर्नेको विवरण (आ.व.२०७०/७१) १३१
६.८ उपेक्षित उत्पीडित, दलित तथा जनजातिको स्थिति १३२
६.८.१ दलितहरूको स्थिति १३२
६.८.२ जनजातिहरूको स्थिति १३३
६.९ फरकम क्षमता भएकाहरूको स्थिति १३३
६.१० स्थानीय स्तरमा मानव अधिकारको अवस्था १३४

**७. वन तथा वातावरण १३५**
७.१ वन क्षेत्रको स्थिति १३७
७.२ वन संरक्षण तथा जैविक विविधता १३७
७.२.१ जिल्लामा पाइने प्रमुख जडिबुटीहरू १३७
७.२.२ जिल्लामा पाइने महत्वपूर्ण रूखहरू : १३७
७.३ वन उत्पादन तथा सामुदायिक सहभागिता १३८
७.४ वन पैदावार (काठ दाउरा) को माग तथा आपूर्ति स्थिति १३८
७.५ विपद् व्यवस्थापन १३९
७.५.१ बझाङ्ग जिल्लामा उल्लेख्य बिपद् जोखिमको किसिम, प्रभावित क्षेत्र, मिति तथा क्षतिको विवरण १३९
७.५.२ गा.वि.स.गत रूपमा जिल्लाको विपद् संकटासन्नताको चित्रण १४१
७.५.३ प्रकोप जोखिम विश्लेषण १४१
७.५.४ विपद् व्यवस्थापन क्षेत्रका मुख्य मुख्य समस्याहरू १४४
७.६.५ विपद्का प्रकार अनुसार जिल्लाको नक्सा १४४
७.६.४ बझाङ्ग जिल्लामा बिपद् व्यवस्थापन क्षेत्रमा मानवीय सहायताका लागि विद्यमान साझेदार निकायहरूको सूचि १४५

**८. संस्थागत स्रोत तथा क्षमता** १४७

८.१ जिल्ला विकास समितिको आर्थिक स्रोत तथा आय १४९

८.२ गाउँ विकास समितिको आर्थिक स्रोत परिचालन तथा आय स्थिति १४९

८.३ सुशासन र विकेन्द्रीकरणको अवस्था १४९

८.३.१ सूचना तथा अभिलेख केन्द्र ब्यवस्थापन १४९

८.३.२ योजना, आयोजना, कार्यक्रमहरूको अनुगमन १५०

८.३.३ सार्वजनिक लेखाजोखा १५०

८.३.४ सार्वजनिक सुनुवाई १५०

८.३.५ नागरिक वडापत्र प्रयोगको अवस्था १५०

८.३.६ नागरिक समाज, संगठनको प्रवर्द्धनको स्थिति १५१

८.३.७ सामाजिक परिचालन १५१

८.३.८ बालमैत्री स्थानीय शासन तथा बाल सहभागितामूलक योजना तर्जुमा प्रक्रिया १५२

८.३.९ स्थानीयस्तरमा गठित समितिहरू र तिनीहरूको क्रियाशिलता १५२

८.३.१० जिविसमा बालबालिका, महिला, दलित, जनजाति समितिहरूको प्रभावकारिता स्थिति १५२

८.४ जिल्ला स्तरीय विषयगत कार्यक्रममा लगानी स्थिति तथा प्रक्षेपण १५३

८.५ केन्द्रीयस्तरीय विषयगत कार्यक्रम र आयोजनामा लगानी स्थिति तथा प्रक्षेपण १५४

८.६ स्थानीय निकायहरूको न्युनतम शर्त र कार्यसम्पादन मापनको स्थिति १५४

८.७ स्थानीय स्तरमा सहश्राव्दी विकास लक्ष्यले निर्धारण गरेका सूचकहरूको अवस्था १५५

८.८ शान्ति स्थापना सम्बन्धी विवरण १५६

अनुसूचीहरू १५७

(Bajhang District Profile, 2014)

# खण्ड १: भूमिका

(Bajhang District Profile, 2014)

## १.१ पृष्ठभूमि

नेपालमा योजनाबद्ध विकास वि.सं. २०१३ सालदेखि प्रारम्भ भई हालसम्म १३औं राष्ट्रिय आवधिक योजनाको कार्यान्वयन तहसम्म आईपुगेको छ । वि.सं. २०४६ सालको बहुदलीय व्यवस्थाको पुनःस्थापना पश्चात् स्थानीय स्रोत, साधन तथा क्षमता प्रवर्द्धन गर्ने उद्देश्यले विकेन्द्रीकरणलाई अवलम्बन गर्दै स्थानीय निकायका माध्यमबाट जनताहरुको सहभागितामा योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्ने अभ्यासको थालनी समेत भएको छ ।

यसै क्रममा स्थानीय निकायहरुलाई अधिकार सम्पन्न बनाई एक सवल सक्षम एवं जनउत्तरदायी निकायको रुपमा स्थापित गर्ने उद्देश्यले नेपाल सरकारले स्थानीय स्वायत्त शासन ऐन, २०५५ र तत् सम्बन्धी नियमावलीहरु जारी गरी कार्यान्वयनमा रहिरहेका छन् । उक्त ऐनले स्थानीयस्तरमा योजना तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने सम्पूर्ण जिम्मेवारी स्थानीय निकायहरुलाई सुम्पिएको छ । स्थानीय निकायहरु (जि.वि.स., न.पा., गा.वि.स.) ले आ-आफ्नो क्षेत्रको विकासका लागि आवधिक एव बार्षिक योजना तयार गर्नुपर्ने व्यवस्था ऐनले गरेको छ ।

कुनै पनि योजनाको तर्जुमा गर्दा सूचना र तथ्याङ्कहरुको आवश्यकता पर्दछ । विद्यमान सामाजिक, आर्थिक साँस्कृतिक एव वातावरणीय अवस्थाका बारे पर्याप्त जनकारी विना उपयुक्त योजना तर्जुमा गर्न सकिदैन । वास्तविक सूचना तथा तथ्यांकहरुको विश्लेषण विना तयार पारिएका योजनाहरु काल्पनिक, अपेक्षित प्रतिफल नदिने तथा असफल हुने सम्भावना रहन्छ । दिगो विकासको लागि योजनाहरुको तर्जुमा वैज्ञानिक एवं सहिढंगमा गरिनु पर्दछ । यसका लागि स्रोत, साधन, सम्भावना र आवश्यकतासम्वन्धी यथार्थपरक सूचना एवं तथ्यांकहरु संकलन तथा विश्लेषण गर्नु आवश्यक हुन्छ ।

वर्तमान नेपालको सन्दर्भमा लोकतान्त्रिक गणतन्त्रको आगमन र समावेशी र संघीयताले प्राथमिकता पाइरहेको अवस्थामा स्थानीय स्रोत साधनहरुको उचित पहिचान गरी जनताका वास्तविक चाहना र आवश्यकता अनुरुप योजना तर्जुमा हुनसके मात्र दिगो विकास सम्भव हुने कुरा निर्विवाद छ । यी तथ्यहरुलाई महसुस गरी हचुवाको भरमा योजना तर्जुमा गर्ने विद्यमान परिपाटीको अन्त्य गरेर स्थानीय निकायहरुलाई आफ्नो क्षेत्रको वास्तविकताको सूचना तथा तथ्यहरु संकलन एवं विश्लेषण गरी, यसैको आधारमा आवधिक एव वार्षिक योजना तर्जुमा गर्ने परिपाटीको विकास भएको छ । यसै परिप्रेक्षमा जिविसहरुले पनि योजना तर्जुमा गर्नुपूर्व जिल्लामा उपलब्ध प्राकृतिक, भौतिक एव मानवीय स्रोत साधनहरुको यथार्थ सूचनाले जिल्लाको प्राकृतिक स्रोतको दिगो उपयोग, वातावरणमैत्री विकास एवं वातावरणीय सन्तुलन, जलवायु परिवर्तनका असरहरुमा अनुकूलन, विपद व्यवस्थापन र फोहोरमैला व्यवस्थापन एवं सरसफाईजस्ता विषयलाई सम्बोधनका लागि जिल्लाको वस्तुगत विवरण अपरिहार्य छ ।

योजना तर्जुमा, कार्यान्वयन, अनुगमन मूल्यांकन कार्यलाई प्रभावकारी, सूचनामा आधारित तथा यथार्थ र वस्तुपरक बनाउनका लागि पनि जिल्लाको वस्तुगत विवरण/पार्श्वचित्रको अत्यन्त ठूलो महत्व रहेको हुन्छ । जिल्ला पार्श्वचित्रबाट उद्देश्यमूलक ढंगले नतिजा प्राप्त हुने गरी जिल्लाको समग्र विकासलाई निर्देशित गर्न तथा जिल्लाका महिला, बालबालिका, दलित, पिछडावर्ग, आदिवासी, जनजाति, अपाङ्गता भएका व्यक्ति लगायत सवैको आधारभूत आर्थिक अवसरहरूमा पहुँच र सामाजिक सशक्तीकरण मार्फत विकास क्रियाकलापहरुमा मूलप्रवाहीकरण गर्ने आधार तयार हुन्छ ।

जिल्ला वस्तुगत विवरणमा संलग्न सूचना एवं भौगोलिक सूचना प्रणालीमा आधारित नक्साहरुले जिल्लाको स्थानगत स्वरूपलाई मध्यनजर गरी समग्र क्षेत्र तथा क्षेत्रको विकासमा सन्तुलन ल्याउनुका साथै स्थानीय सम्भावनालाई समृद्धिमा रुपान्तरण गर्न देखा परेका अवरोध (Bottleneck) तथा समाधानका उपाय पहिचानका लागि उपयुक्त तवरले स्रोत साधनको विनियोजनलाई मार्गनिर्देश गर्न जिल्ला वस्तुस्थिति विवरणको महत्व रहेको छ ।

यसै क्रममा जिल्ला विकास समिति, बभाङ्गबाट पनि आफ्नो जिल्लाको सर्वाङ्गिण विकासको लागि दीर्घकालीन सोँच बनाई सोहि अनुरुप आवधिक तथा वार्षिक योजना तर्जुमा गर्ने उद्देश्यले यो जिल्ला वस्तुस्थिति चित्रण तथा विश्लेषण, २०७० (जिल्ला पार्श्वचित्र) दस्तावेज तयार गरिएको छ ।

## १.२ जिल्ला पार्श्वचित्रका उद्देश्यहरू

यस जिल्ला वस्तुस्थिति चित्रण तथा विश्लेषणका उद्देश्यहरु निम्नानुसार रहेका छन्:

### १.२.१ दीर्घकालीन उद्देश्य

१. जिल्लाको समग्र विकासका लागि दीर्घकालीन सोँच एवं रणनीतिहरुलाई मध्यनजर गरी बस्तुस्थिति झल्कने तथ्यांक एवं सूचनामा आधारित यथार्थपरक र वस्तुपरक जिल्लाको आवद्यिक एवं बार्षिक योजना तर्जुमा गर्न योगदान पुऱ्याउने,

२. जिल्ला विकासका समग्र विषय क्षेत्रहरुका लागि जिल्लाबासीका आवश्यकताहरुबारे जानकारी भई तदअनुरुपका योजनाहरु तर्जुमा र कार्यान्वयनमा सहयोग पुऱ्याउने ।

### १.२.२ तत्कालीन उद्देश्य

क) सरोकारवालाहरु लगायत सम्पूर्ण जिल्लाबासीका लागि जिल्लाको सूचनामा पहुँच पुऱ्याउने,

ख) जिल्लाको समग्र राजनीतिक, सामाजिक, आर्थिक, वातावरणीय एवं भौतिक पूर्वाधारहरु तथा जिल्ला विकासको क्षमताबारे जानकारी प्राप्त गर्ने,

ग) जिल्लाको विकासका लागि आवधिक जिल्ला विकास योजना (आजिवियो) तथा बार्षिक योजना तर्जुमा एवं अनुगमन मूल्यांकन गर्ने आधार तयार गर्ने ।

## १.३. जिल्ला पार्श्वचित्र तयारीको विधि एवं प्रक्रिया

जिल्ला विकास समिति बझाङले आवद्यिक जिल्ला विकास योजना तर्जुमा गर्ने निर्णय गरे पश्चात् सहजीकरण गर्ने टोलीबाट निम्नानुसारका विधि एवं प्रक्रियाहरु अवलम्वन गरी यो जिल्ला बस्तुस्थिति विवरण दस्तावेज तयार गरिएको छ ।

- राष्ट्रिय योजना आयोगबाट तयार गरिएको आवद्यिक जिल्ला विकास योजना तर्जुमा निर्देशिकाको अनुसुची १ (संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयद्वारा अद्यावधि गरिएको) को पुनरावलोकन/अध्ययन, उक्त निर्देशिकाका आधारमा उल्लेखित विषयवस्तुलाई लैङ्गिक एवं समावेशी तथ्याङ्कहरु प्राप्त गर्न सवै विषय क्षेत्र समेटी तथ्याङ्क/सूचना संकलन फारमहरु अद्यावधिक गरियो ।
- तयार गरिएका फारमहरुलाई २०७० असार २० र २१ गते बझाङमा संचालित सरोकारवालाहरुको वृहत्त गोष्ठीमा विकासका नवीनतम् अवधारणाका साथै जिल्ला पार्श्वचित्र विवरणहरु प्रस्तुत तथा सहभागीहरुबाट रुजु एवं अपुग सूचना/तथ्यांक ढाँचा पहिचान गरियो ।
- जिल्ला पार्श्वचित्र सम्वन्धी फारमहरु अद्यावधिक गरी सम्वन्धित सरकारी, स्थानीय निकाय, गैरसरकारी निकायहरुलाई उपलब्ध गराई सो बमोजिम तथ्याङ्क, सूचना संकलन एवं विश्लेषण गरिएको र यसलाई पुनः विषयगत समूहबाट छलफल गराई थप सुझाव/तथ्याङ्क लिइयो ।
- सूचना संकलनका क्रममा बिषयगत सूचनाका लागि सम्बन्धित जिल्लाका बिषयगत कार्यालयहरुबाट प्राप्त तथ्याङ्क तथा सूचनालाई नै आधार लिइएको छ । कतिपय बिषयक्षेत्रमा यसअघि भएका बिषयगत अध्ययन, योजना (जिल्ला विपद् प्रतिकार्य योजना, २०६८, जिल्ला यातायात गुरुयोजना, २०७०) समेतका तथ्याङ्क एवं सूचनालाई आधार लिइएको छ ।
- केन्द्रीय तथ्याङ्क विभागबाट हालै प्रकाशित राष्ट्रिय जनगणनाको नतिजा अनुरुप जनसंख्या एवं आवास बारेको तथ्याङ्क प्रयोग गरिनुका साथै नेपालमा गरिबीको लघुक्षेत्र अनुमान २०६८, कृषि जनगणना समेतलाई आधार लिइयो ।

- जिल्ला पार्श्वचित्र तयारीका लागि बझाङ्ग जिल्लाको यो पहिलो अभ्यास भएकोले जिल्लाको प्रशासनिक, भौगोलिक, सामाजिक सूचनाहरु जिविसको अभिलेख, विभिन्न चरणका परामर्शबाट समेत लिइयो । प्राप्त सूचनालाई विभिन्न चरणमा जिविसका पदाधिकारी, राजनीतिक दलहरुका प्रतिनिधि, बिषयगत निकाय तथा अन्य सरोकारवालाहरुसँग विभिन्न चरणमा परामर्श गरी थपघट र पूर्णता दिने काम समेत गरियो ।
- आजिवियो तर्जूमा कार्यसँगसँगै जिल्ला वस्तुस्थिति चित्रण मस्यौदा दस्ताबेज उपर समेत लक्षित समुदाय (बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, युवा) हरुसँगको परामर्शका क्रममा प्राप्त सूचना तथा तथ्यांकहरु समेतलाई आधार लिई यो जिल्ला वस्तुस्थिति चित्रण तथा विश्लेषण दस्तावेज तयार गरिएको छ ।

  यसरी विभिन्न रुपमा प्रकाशित एवं संस्थागत तथ्यांक एवं सूचनाहरु (द्वितीय स्रोत) लाई आधार बनाई यो जिल्लाको वस्तुस्थिति झल्काउने दस्तावेज तयार गरिएको छ ।

## १.४ अध्ययनको सीमा

यो दस्तावेज मुलतः द्वितीय श्रोतहरुका आधारमा तयार गरिएको हुनाले एवं यस क्रममा कतिपय प्रक्रियागत अप्ठ्यारा समेत रहेका हुनाले यस दस्तावेजका केही सीमाहरु तल उल्लेखित गरिएको छ ;

क) जि.वि.स.बझाङ्गको यो पहिलो अभ्यास भएकाले बिषयगत सूचनाका लागि बिषयगत निकायहरुकै क्षमतामा भर पर्नु परेकोले कतिपय बिषयगत निकायहरुबाट प्राप्त सूचना अझै पर्याप्त र क्षेत्रगतरुपमा खण्डीकृत एवं अद्यावधि गर्नुपर्ने महशुस भएको छ ।

ख) जिल्लास्थित विषयगत कार्यालयहरुमा तथ्याङ्क सूचनालाई ब्यवस्थित गरी राख्ने परिपाटी एवं क्षमताका अभावमा वहुबर्षीय सूचनाहरु प्राप्त गर्न नसकिएको ।

ग) जिल्लामा सेवा दिने कतिपय सरकारी निकायहरु (सहकारी डिभिजन कार्यालय, सडक डिभिजन कार्यालय, भूसंरक्षण कार्यालय, खप्तड पर्यटन विकास समिति, आदि) नै बाहिर क्षेत्रबाट कार्यरत रहेको हुँदा ती निकायहरुसँग सम्बन्धी सूचना तथ्याङ्क समयमै प्राप्त गर्न नसकिनुका साथै प्राप्त सूचनाहरु समेत अपर्याप्त भएको ।

(घ) सुदूर पश्चिमाञ्चल विकास आयोगसँग पर्याप्त सम्पर्क तथा समन्वयको कठिनाईका कारण सो आयोगसँग उपलब्ध सम्बन्धित सूचना तथा तथ्याङ्कहरु समावेश गर्न नसकिएको ।

## १.५ जिल्लाको संक्षिप्त परिचय

### भौगोलिक स्थिति

| | |
|---|---|
| पूर्व | : बाजुरा र हुम्ला जिल्ला |
| पश्चिम | : बैतडी र दार्चुला जिल्ला |
| उत्तर | : हुम्ला जिल्ला र चीनको स्वाशासित क्षेत्र तिब्बत |
| दक्षिण | : बैतडी र डोटी जिल्ला |
| आक्षांश | : २९° २९' उत्तर ३०° ९' उत्तर |
| देशान्तर | : ८०° ४६' पूर्व ८१° ३४' पूर्व |
| उचाई | : ९१५ मि. देउरादेखि ७०७७ मि. साईपाल हिमालसम्म |

### राजनैतिक तथा प्रशासनिक विभाजन

| | |
|---|---|
| विकास क्षेत्र | : सुदूरपश्चिमाञ्चल विकास क्षेत्र |
| अञ्चल | : सेती |
| जिल्ला | : बझाङ्ग |
| संसदीय निर्वाचन क्षेत्र | : २ |
| इकालका संख्या | : ११ |
| गाविस संख्या | : ४७ |
| नमूना गाविस संख्या | : ४ रिलु, सुनकुडा, लामातोला र फलसेरी |

## जनसंख्या (२०६८ को जनगणना अनुसार)

| | |
|---|---|
| महिला | : १०२,३६५ जना (५२%) |
| पुरूष | : ९२,७९४ जना (४८%) |
| जम्मा | : १,९५,१५९ |
| घरधुरी संख्या | : ३३,७८६ |
| सरदर परिवार संख्या | : ५.६४ |
| जनसंख्या वार्षिक बृद्धिदर | : १.६१% |
| जनघनत्व प्रति वर्ग किमी | : ५७ |
| पाँच वर्षमुनिको बालबालिका संख्या | : २७,१६१ जना |
| किशोर किशोरी युवा | |
| जनसंख्या (१० देखि २४ वर्ष) | : ६३,३६६ जना |
| आर्थिक स्तरमा क्रियाशिल | |
| जनसंख्या (१० वर्ष माथि) | : ५५.७१ प्रतिशत) |

## शैक्षिक स्थिति :

| | |
|---|---|
| आधारभूत तह | : ४०६ (निजी स्कुल १४ वटा) |
| माध्यमिक तह | : ४२ |
| उच्च मा.वि. | : ४० |
| बालविकास केन्द्र | : २९३ |
| सामुदायिक अध्ययन केन्द्र | : ३८ |
| विशेष शिक्षाका कक्षा | : ५ |
| क्याम्पस | : ८ |
| स्रोत केन्द्र | : १३ |

## साक्षरता

| | |
|---|---|
| साक्षारता दर | : ५५.५० प्रतिशत |
| पुरूष | : ७२.९० प्रतिशत |
| महिला | : ४०.१२ प्रतिशत |

## स्वास्थ्य संस्थाको स्थिति

| | |
|---|---|
| जिल्ला अस्पताल | : १ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | : १ |
| प्रा.स्वा.केन्द्र | : २ |
| स्वास्थ्य चौकी | : २० |
| उपस्वास्थ्य चौकी | : २५ |
| जि.आ.प्रा.स्वा.के | : १ |
| आर्युवेद औषधालय | : ३ |
| निजी अस्पताल | : २ |
| गाउँघर क्लिनिक | : १३१ |
| खोप क्लिनिक | : १४१ |
| महिला स्वास्थ्य सेवक | : ४२३ |

## भू-उपयोग:

| | |
|---|---|
| कुल क्षेत्रफल | : ३४२२ वर्गा किलोमिटर |
| खेती गरिएको कुल क्षेत्रफल | : २८२१४ हेक्टर |
| सिंचित सुविधा कुल क्षेत्रफल | : ६०४२ हेक्टर |
| अर्ध सिंचित कुल क्षेत्रफल | : ३९१३ हेक्टर |
| सिंचाई नभएको कुल क्षेत्रफल | : १८२५९ हेक्टर |
| वनले ढाकेको क्षत्रफल | : १०२४४३ हेक्टर |
| झाडीले ढाकेको क्षेत्रफल | : १०६५७ हेक्टर |
| चरन चौरले ढाकेको क्षेत्रफल | : १५८६५ हेक्टर |
| हिउँ/पहिरो/नदी/तथा | |
| अन्य क्षेत्रफल | : १५६८०७ हेक्टर |

आर्थिक स्थिति

| | |
|---|---|
| वार्षिक प्रतिव्यक्ति आय | : रू.४९३०/- |

# खण्ड २ : जिल्ला पार्श्वचित्रको विवरण

(Bajhang District Profile, 2014)

## २.१ भौगोलिक तथा भौतिक स्थिति चित्रण

### २.१.१ भौगोलिक अवस्थिति, सीमाना तथा राजनीतिक, प्रशासनिक विभाजन

भौगोलिक अवस्थिति तथा सीमाना : बझाङ्ग जिल्ला विश्व मानचित्रमा २९ डिग्री २९ मि. उत्तरदेखि ३० डिग्री ०९ मि. उत्तरी अक्षांस र ८० डिग्री ४६ मि. पूर्वदेखि ८१ डिग्री ३४ मि. पूर्वी देशान्तरमा अवस्थित रहेको छ। जिल्लाको पूर्वमा बाजुरा तथा हुम्ला जिल्ला, पश्चिममा बैतडी तथा दार्चुला जिल्ला, दक्षिणमा बैतडी तथा डोटी जिल्ला र उत्तरमा हुम्ला तथा चीनको स्वशासित क्षेत्र तिब्बत रहेका छन् ।

राजनीतिक तथा प्रशासनिक विभाजन : बझाङ्ग जिल्ला नेपालको सुदूर पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत सेती अञ्चलमा अवस्थित पाँच जिल्लामध्ये एक हो । ११ इलाका सहित ४७ गाउँ विकास समिति रहेको यस जिल्लाको जिल्ला सदरमुकाम चैनपुर रहेको छ। जिल्लाका कुल गाविसमध्ये जिल्ला सदरमुकाम अवस्थित चैनपुर गाविस नगरोन्मुख रहेको छ भने २ वटा गाविसहरु सुनकुडा र रिलु नमुना गाविसका रुपमा रहेका छन् । जिल्लामा २ वटा संविधानसभा तथा संसदीय निर्वाचन क्षेत्र रहेका छन् ।

**निर्वाचन क्षेत्र नं. १ :**

काँडा, मेलबिसौना, दांतोला, रिलु, धमेना, मष्टा, भातेखोला, सुनिकोट, कोटदेबल, कैलास, चैनपुर, हेमन्तवाडा, सुर्मा, दौलीचौर, रिठापाटा, लुयाँटा, सुबेडा, कडेल, ब्याँसी, लेकगाँउ, मटेला, मालुमेला, पौवागडी, लामातोला, माझीगाउँ, कालुखेती, पाटादेबल र गडराय । (जम्मा २८ गाविस)

**निर्वाचन क्षेत्र नं. २ :**

चौधारी, मौलाली, सैनपसेला, भैरबनाथ, भामचौर, रायल, कोइरालकोट, कोटभैरब, पाराकाट्ने, दंगाजी, बाँझ, सुनकुडा, स्याडी, देउलेक, देउलीकोट, कफलसेरी, पिपलकोट, खिरातडी र दहबगर । (जम्मा १९ गाविस)

### २.१.२ भू-उपयोग

जिल्लाको कुल क्षेत्रफलको २६८.८३ वर्ग किलोमिटर कृषियोग्य जमिन, १०२४.४३ वर्ग कि.मि. वनक्षेत्र तथा १९८.६५ वर्ग कि.मि.चरनक्षेत्र रहेको छ। जिल्लाको समग्र भू-उपयोगको स्थितिलाई तल तालिकामा चित्रण गरिएको छ।

| क्र.सं. | बिवरण | क्षेत्रफल (हे.) |
|---|---|---|
| १ | जिल्लाको कुल क्षेत्रफल | ३४२२ वर्ग कि.मि. |
| २ | कुल खेतीयोग्य जमिन | ३४६०७ हे. |
| ३ | कुल खेती गरिएको जमीनको क्षेत्रफल | २८२१४ हे. |
| ४ | सिंचित क्षेत्रफल | ६०४२ हे. |
| ५ | अर्ध सिंचित क्षेत्रफल | ३९१३ हे. |
| ६ | सिंचाइ हुन बाँकी खेतियोग्य जमीन | १८२५९ हे. |
| ७ | वनले ढाकेको क्षेत्रफल | १०२४४३ हे. |
| ८ | झाडीले ढाकेको क्षेत्रफल | १०६५७ हे. |
| ९ | चरन चौरले ढाकेको क्षेत्रफल | १५८६५ हे. |
| १० | पर्ति जग्गा (बाँझो, पोखरी, नदी, खोला, नाला, तालतलैया, बगर, खानी क्षेत्र, हिउँ, पहिरो, पहरा, चट्टान, भीर, पार्क, उद्यान तथा सार्वजनिक क्षेत्र आदि) क्षेत्रफल | १५६८०७ हे. |
| ११ | बाँझो जमिन | ९७२१० हे. |
| १२ | झाडी, बुट्यान | ३८५०४ हे. |

| क्र.सं. | बिवरण | क्षेत्रफल (हे.) |
|---|---|---|
| १२ | पहरा, चट्टान, भीर | १८७ हे. |
| १३ | हिँउले ढाकेको क्षेत्र | ६७४२ हे. |
| १४ | तालतलैया | ७४ हे. |
| १५ | बलौटे जमिन | ७३८९ हे. |
| १६ | नदी, खोला | ५३७ हे. |
| | स्रोतः जिल्ला वन कार्यालय बझाङ्ग, सामुदयिक वन विकास कार्यक्रमको बार्षिक अनुगमन प्रतिवेदन, २०६९/७० तथा *LRMP 2012* को तथ्यांक | |




स्रोत: *www.lgcdp.gov.np*

### २.१.३ भू-बनौट तथा जमिनको किसिम

बझाङ्ग जिल्लाको कुल क्षेत्रफल ३४२२ वर्ग किलोमिटर रहेको छ। यो जिल्ला समुद्री सतहबाट ३००० फिटको रायल गाविसको देउरादेखि २३००० फिट (९१५ मि. देखि ७०३५ मि.) को काँडा गाविसको साइपाल हिमालसम्मको विविधतायुक्त उचाइमा रहेको छ। जिल्लाको टोपोग्राफी तथा भिरालोपना (भू-क्षेत्र) हेर्दा गाविसगत आधारमा जिल्लाको भौगोलिक स्थितिलाई निम्न अनुसार वर्गीकरण गर्न सकिन्छ।

| क.सं | भौगोलिक स्थिति | गाविसहरुको नाम | जम्मा |
|---|---|---|---|
| १ | उच्च हिमाली | काँडा, मेलविसौना, दातोला, भामचौर, दौलीचौर, गडराय, स्याडी, दहवगर, लेकगाउ, मष्टा, रिलु, सैनपसेला र सुर्मा | १३ |
| २ | उच्च पहाडी | दंगाजी, कालुखेती, कोईरालाकोट, माझीगाउ, पाटादेवल, पौवागढी, पिपलकोट, ब्यासी, धमेना, पाराकाट्ने, सुनीकोट, सुनकुडा, भातेखोला, देउलेख, देउलीकोट, कंडेल, कैलास, कफलसेरी, कोटदेवल र मौलाली | २० |
| ३ | पहाडी | चैनपुर, लुयाँटा, रिठापाटा, सुवेडा, बाँझ, भैरवनाथ, चौधारी, हेमन्तवाडा, मालुमेला, मटेला, रायल, खिरातडी, कोटभैरव र लामातोला | १४ |

### २.१.४ माटोको वनावट र उर्वराशक्ति

यस जिल्लामा पाइने माटोको वनावत बलौटे, बलौटे, दोमट, दोमट, चिम्ट्याइलो, रातोमाटो, कालोमाटो प्रमुख रुपमा रहेका छन्। यहाँका नदी किनाराका जमिनहरु तथा उच्च भूभागीय टार तथा क्षेत्रहरु (छान्ना, बुँगल, चीर, थलारा, वान्नी/छविस) क्षेत्र कृषिका लागि अत्यन्त उर्वर रहेका छन् भने अन्य क्षेत्रका जमिनहरु पनि उर्वराशक्तियुक्त रहेको पाइन्छ। जिल्लाको हिमाली क्षेत्र मूलतः काँडा गाविस लगायत चीनसँगको सीमानाक्षेत्र उच्च हिमाल, भिरालो जमीन,पाखा र चट्टानयुक्त रहेको छ।

जिल्लाको कृषि क्षेत्रको जमिन एकैनासको रहेको छैन्। प्रसस्त धान खेतीयुक्त समथर जमिनदेखि भीरपाखायुक्त जमिन रहेको छ। सामान्यतया जिल्लाका सेती नदी, वाहुलीगाड, कालंगा नदी, जडारी गाड, थलारी गाड लगायतका प्रमुख नदी र गाड आसपासका समथर जमिन र जिउलाहरु सिचाईयोग्य खेती क्षेत्रका रुपमा उपभोग भइरहेका छन्। तथापि, जिल्लाको अधिकाँश भाग हिमाल तथा भिरालो पाखा रहेको छ। जिल्लाको विद्यमान कृषियोग्य जमिनको वर्गीकरण तथा क्षेत्रफल निम्न अनुसार रहेको छ।

| जमिनको किसिम वर्ग मी. | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.सं. | विवरण | जग्गाधनी संख्या (२०५९ अनुसार) | अवल क्षेत्रफल | दोयम क्षेत्रफल | सिम क्षेत्रफल | चाहार क्षेत्रफल |
| १ | धनहर खेत | २५३०५ (२०५९) | २,२१,६५५ | ९२,१३,०९५ | २,१५,९२,०२५ | २,११,६५,९३५ |
| २ | पाखो बारी | | ४५० | २२,८९,३९५ | ४,२८,६१,७७० | १८,२३,९७,९३५ |
| *स्रोतः जिल्ला नापी कार्यालय, बझाङ्ग, २०७० (नोट : २० रोपनी वा १०,००० वर्ग मी = १ हेक्टर)* | | | | | | |




जिल्लाको धनहर खेत तथा पाखोवारी (हे.)

जिल्लामा रहेका पर्ती जग्गा र उद्यान तथा खुला क्षेत्रको विवरण : जिल्लाका ४७ वटै गाविसहरुमा २,२९,१९९ रोपनी जमिनको भूभाग पर्ती, खुला क्षेत्र तथा उद्यानका रुपमा रहेको छ । गाविसगतरुपमा सोको विवरण तल तालिकामा चित्रण गरिएको छ ।

| क्र.सं. | गाविसको नाम | पर्ती जग्गाको विवरण | | उद्यान तथा खुला क्षेत्र (रोपनी) |
|---|---|---|---|---|
| | | कित्ता संख्या | रोपनी | |
| १ | बाँझ | १ | १२६ | |
| २ | भैरवनाथ | १०० | ६८४३ | |
| ३ | भामचौर | ९१ | ५३४१ | |
| ४ | भातेखोला | २० | ६४२ | |
| ५ | ब्याँसी | ९४ | ९९१३ | |
| ६ | चैनपुर | ५३ | ५०२२ | |
| ७ | चौधारी | ७४ | ७८७० | |
| ८ | दहबगर | ४७ | १२३०३ | |
| ९ | दंगाजी | ९३ | ६४०५ | |
| १० | दांतोला | ६ | ५१ | |
| ११ | दौलिचौर | २९ | २४४८ | |
| १२ | देउलेख | ३२ | २१६४ | |
| १३ | देउलीकोट | १७५ | ३२९३ | |
| १४ | धमेना | ३१ | ५८२ | |
| १५ | गडराय | ६४ | ७३१ | |
| १६ | हेमन्तवाडा | २८ | ४४८ | |
| १७ | कडेल | ५१ | ९६२ | |

| क्र.सं. | गाविसको नाम | पर्ती जग्गाको विवरण | | उद्यान तथा खुला क्षेत्र (रोपनी) |
|---|---|---|---|---|
| | | कित्ता संख्या | रोपनी | |
| १८ | कैलास | ४९ | ११९० | |
| १९ | कालुखेती | ३३ | ५५९ | |
| २० | काँडा | ५७ | ११५६४ | |
| २१ | कफलसेरी | ६० | ७३५४ | |
| २२ | खिरातडी | १७७ | ४०२३८ | |
| २३ | कोईरालाकोट | ९१ | १९१२ | |
| २४ | कोटभैरव | ८० | ६५३३ | |
| २५ | कोटदेवल | ६९ | ४१९३ | |
| २६ | लामातोला | १८ | ५९८ | |
| २७ | लेकगाँउ | ८४ | ७२०० | |
| २८ | लुयांटा | १४ | १५२ | |
| २९ | माझिगाँउ | ११ | ५००७ | |
| ३० | मालुमेला | ८ | ६७ | |
| ३१ | मष्टा | ३५ | ५९४ | |
| ३२ | मटेला | ७९ | १३२२ | |
| ३३ | मौलाली | ५० | ८९२६ | |
| ३४ | मेलविसौना | ३६ | ४७७ | |
| ३५ | पाराकाट्ने | ३९ | ६४७० | |
| ३६ | पाटादेवल | २२ | २२८ | |
| ३७ | पौवागडी | १८ | १०१ | |
| ३८ | पिपलकोट | १०३ | ६४०९ | |
| ३९ | रायल | २०५ | १४४७ | |
| ४० | रिलु | ४१ | ५६५ | |
| ४१ | रिठापाटा | २५ | ३९३ | |
| ३२ | सैनपसेला | २५ | ४१३५० | |
| ४३ | सुवेडा | ५१ | ७५६ | |
| ४४ | सुनिकोट | ९ | १७४ | |
| ४५ | सुनकुडा | १३९ | १७३७ | |
| ४६ | सुर्मा | ३८ | ५९५५ | |
| ४७ | स्याडी | ६३ | ५८४ | |
| | जम्मा | २७१८ | २२९१९९ | |

*स्रोतः जिल्ला नापी कार्यालय तथा जिल्ला विकास समिति, बझाङ्ग*

जिल्लामा सार्वजनिक जमिनका रुपमा पर्ति तथा खाली जग्गाको रुपमा लगभग २२९१९९ रोपनी जमीन रहेको भएपनि हालसम्म पार्क तथा उद्यानको रुपमा ती जमिनहरुको विकास तथा उपभोग हुन सकेको छैन ।

### २.१.५ भू-क्षय संभावित क्षेत्र

अधिकांश हिमाली र पहाडी भूभाग रहेको बझाङ्ग जिल्ला भू-क्षयका हिसावले उच्च जोखिमयुक्त रहेको छ । बर्षेनी बाढी पहिरोजस्ता समस्याबाट जनजीवन निकै प्रभावित रहने गरेको छ । जिल्लाका निम्न क्षेत्रहरु भूक्षय निरन्तर भईरहेका र सम्भावित भूक्षययुक्त क्षेत्रका रुपमा रहेका छन् ।

| क्र.सं. | भू-क्षययुक्त तथा संभावित क्षेत्र | क्षतिको प्रकार |
|---|---|---|
| १ | धुली बलौडी, मोरा, सेरुपोइल, भिउढुंगा, भाटबगर, जाल्तडी, रुइनावगर, कालाखाली, भोपुर (चैनपुर), डुँग्री जिउलो, (हेमन्तवाडा), देवल जिउलो (रिठापाटा), गोलाइ ज्युलो, सुवेडा ज्युलो, लुयाटा सेती किनार, जालेवगर, वगरगाउँ, भण्डारी गाउँ लिस्ताडा, (मालुमेला, मटेला), वीरगाल, सुँगाला, भाडेबगर, खानी बगर, मौरीबगर, पिखेत, झनाना (कोटभैरव, चौधारी), झोता, तमैल (रायल), देउरा, रेगमज्युला, कुच, पाल्तीछडा, वासगाडा र मोरायलज्युला | सेती नदी कटानक्षेत्र |
| २ | वाझ, सुनकुडा, पिपलकोट, खिरातडी, कफलसेरी, गित, वौडी, दहबगर | कालंगा नदी कटान क्षेत्र |
| ३ | चौधारी, सैनपसेला, लेकगाउँ, मटेला, व्याँसी, | चैधारी, तारुगाढ कटान क्षेत्र |
| ४ | दौलीचौर, चैनपुर, रिठापाटा | वाहुलीगाढ नदी कटान क्षेत्र |
| ५ | पसलबगर, तल्लावगर (माझिगाउँ, लामातोला, पौवागढी, मालुमेला, गडराय, पाटादेवल, कालुखेती | जडार, कुचेखोला नदी कटान क्षेत्र |
| ६ | वयस, डुडेमाडु,, सेरालाखेत जिउलो, सडिल जिउलो) क्षेत्र, कोइरालकोट, कोटभैरव | थलारीगाढ नदी कटान |
| ७ | व्यासी, सैनपसेला | पहिरो |
| ८ | कोइरालकोट, घोरादाउना, आठविस | पहिरो |
| ९ | बाँझ गाविस | पहिरो |
| १० | सुनिकोट | पहिरो |
| ११ | देवल पहिरो, रिठापाटा, धौलावगर | पहिरो |
| १२ | चैनपुर, भोपुर | पहिरो |
| १३ | सुवेडा, झुटाढुंगा | पहिरो |
| १४ | भामचौर | पहिरो |
| १५ | हेमन्तवाडा -गजमाइल, तामाखानी, कुच | पहिरो |
| १६ | डोङ्को पहिरो -गडखेत, विउराडी, वस्टी | गोलाई गाड कटान क्षेत्र |
| १७ | डिलकोटेली | डिलगाड कटान क्षेत्र |
| १८ | गोलाइ ज्युला कटान | ढाक्रेखोला |
| १९ | दौतोला, मेलविसौना | तलकोटी गाड |
| २० | डाडापानी, मेलविसौना | पहिरो |
| २१ | रिलु, द्धारी | पहिरो |
| २२ | रायल मैतोली | पहिरो |
| २३ | सुकट्या सुनकुडा | पहिरो |

*स्रोत : जिविस, बझाङ्ग, २०७०*

### २.१.६ जलवायु

बझाङ्ग जिल्ला हावापानीका दृष्टिले विविधतायुक्त रहेको छ । हिमाली जिल्लाको रुपमा रहेको यस जिल्लामा सेती नदी लगायतका तटीय क्षेत्रमा ग्रीष्म ऋतुमा अधिकतम् गर्मी रहन्छ भने अन्य भू-भागमा मौसम सामान्य रहन्छ । वर्षभरिनै हिउँ जम्ने ठाउँहरु पनि जिल्लामा रहेका छन् । यस जिल्लाको ६० प्रतिशत भूभाग शीत प्रदेश, ३० प्रतिशत भूभाग समशितोष्ण र बांकी १० प्रतिशत भूभाग उपोष्ण प्रदेशमा पर्दछ । यहाँका साइपाल, जेठी बहुरानी हिमश्रृंखलाहरुमा सदाबाहर हिउँ रहन्छ । जिल्ला सदरमुकाम चैनपुर (भोपुर) मा ग्रीष्म महिनामा औषत तापक्रम न्यूनतम २०° से. देखि अधिकतम् ३५° से. सम्म तथा हिउँद महिनामा न्यूनतम् २° से. देखि अधिकतम् १८° से. सम्म रहन्छ । जिल्लामा जिल्ला सदरमुकाम क्षेत्रलाई आधार मान्दा बार्षिक औषत बर्षाः ५० देखि १५० मिलि मिटर हुने गर्दछ ।

### २.१.७ जलभण्डार

जिल्लाको प्रमुख जलभण्डारको रुपमा निम्न अनुसारका हिमश्रृंखला तथा नदीहरु रहेका छन् ।

प्रमुख हिमालहरु : साइपाल हिमाल, आर्या हिमाल, जेठी बहुरानी हिमाल, नाम्पा हिमाल, योगा हिमाल, व्याँस हिमाल, उरइ भञ्ज्याँग हिमाल, राक्से हिमाल, दुवै भन्ज्याङ, राडुढुंगी भन्ज्याङ, गुरेल ।

प्रमुख नदीनालाहरुः सेती नदी, कालंगा, बाहुलीगाड, तारुगाड, सुनीगाड, तल्कोटीगाड, थलारीगाड, जडारीगाड, भ्यागुते गाड, लिस्तीगाड, घाटगंगा, डिलगाड, विडीगाड, गनईगाड । यस जिल्लाका नदी प्रणालीलाई तलको नक्शामा हेर्न सकिन्छ ।




स्रोतः www.lgcdp.gov.np

प्रमुख तालहरुः सुर्मा सरोवर, खप्तड ताल, तिमा दह, लोकुन्डा ताल, नीलसिरी कुण्ड, उराइ ताल, माझा ताल (काँडा) खापर दह ।

प्रमुख झरनाहरुः दाँतोला, गोर्खाली (गडराय), चनकेली ढुँगा, कोइरालकोट-छडिगाड, सुनकुडा,पाल्तीछडा, वारिलछडो, चिडकाको झरना, धदिवन झरना, गुरायल झरना ।

## २.१.८ जिल्लाको ऐतिहासिक पृष्ठभूमि

ऐतिहासिक रुपमा बझाङ्ग जिल्ला नेपालका राजा रजौटा चौविसे राज्य मध्येको एउटा थियो । यस जिल्लामा सिंह ठकुरीहरुले राज्य गरेका थिए । बझाङ्गी राजाहरुमा वंशीय पहिलो राजा शक्ति सिंहदेखि अन्तिम राजा ओमजंग वहादुर सिंहसम्म राज्य सञ्चालन गरेका थिए । शैक्षिक इतिहासका अग्रेणी तथा सुप्रख्यात मानवतावादी राजा जयपृथ्वी वहादुर सिंह पनि बझाङ्गी राजामध्येका एक थिए । उनले नेपाली भाषाको पहिलो पाठ्यपुस्तक अक्षराँङ्क लेखी नेपालको शैक्षिक इतिहासमा ठूलो योगदान पुऱ्याएका थिए । हालको बझाङ्ग जिल्लाभित्र चौविसे राजाका रुपमा थलारी राज्य समेत रहेको थियो । थलारी राज्यमा पनि सिंह ठकुरी वंशीय राजाहरुले शासन गरेका थिए । तत्कालीन अवस्थामा बझाङ्ग राज्यको बलीयो चौविसे राज्यका रुपमा नेपाल राज्य तथा मूलतः शाह वंशीय खानदानसँग नजिकको सम्वन्ध रहेको मानिन्छ ।

जिल्लाको नामाकरणका सम्वन्धमा ठोस् भनाई देखिदैन् । तथापि, किम्वदन्ती अनुसार वझाङ्गी राजाका पूर्वजहरु हालको ब्यासी गाविस अन्तर्गत राजाको दरवार (कोट) वनाइ सोही ठाउँबाट शासन सञ्चालन गर्दथे । उक्त ठाउँमा राजाको दरवार निर्माणको क्रममा त्यहाँ एउटा अचम्मको दर्शनीय शिला (ढुङ्गा) फेला परेछ । उक्त शिलालाई कोटबाट तल खसाल्दा पनि बारम्वार उही साविककै ठाउँमा आएर बसेको देखेपछि कामदारहरुले यसको वेलीविस्तार राजाकोमा लगाएछन् र राजाले गुरु पुरोहितको सल्लाहमा उक्त शिलालाई कालभैरबको रुपमा स्थापित गरी पुजा गर्ने परम्परा वसालेछन । पछि कुनै समयमा उक्त अग्लो कोटमा निकै ठूलो वज्र (चट्टयाङ्ग) परेछ । स्थानीय भनाई अनुसार कालभैरबको प्रभावले उक्त बज्र प्रभावहीन भई दरबारमा कुनै क्षति नपुगेको र राजाको कोट भएको ठाँउलाई पछि वज्रङ्ग भनिएछ । कालान्तरमा बज्रंग शब्द अपभ्रंस भै वझाङ्ग हुन गएको हो भन्ने किमवदन्ती रही आएको छ ।

## २.१.९ जिल्लाका अन्य प्रमुख विशेषताहरू

यसरी जिल्लामा प्राकृतिक, धार्मिक, साँस्कृतिक, ऐतिहासिक आदि विभिन्न किसिमका स्रोत, साधन, सम्पदा, परम्परा आदि जस्ता विशेषताहरु रहेका छन् । जसलाई जिल्लाले गौरव गर्न लायक कुराहरुमा मान्ने गरेको छ । त्यस्ता थप पक्षहरु निम्नानुसार रहेका छन् :

### २.१.९.१ प्रमुख पर्यटकीय गन्तव्य

सुन्दर हिमाली तथा पहाडी भूभागयुक्त यस जिल्लामा पर्यटकीय गन्तव्यका हिसावले निकै मनोरञ्जक तथा आकर्षक क्षेत्रहरु रहेका छन् । साइपाल हिमाल क्षेत्र, सुर्मासरोवर क्षेत्र, खप्तड क्षेत्र, बित्थड क्षेत्र, तपोवनज्वाला, तातोपानी (सुनिकोट), खापरदह, ऋषिकुण्ड, कैलाशगुफा जिल्लाका प्रमुख पर्यटकीय सम्पदाका रुपमा रहेका छन् ।

### २.१.९.२ सांस्कृतिक तथा ऐतिहासिक क्षेत्र

सांस्कृतिक तथा ऐतिहासिक क्षेत्र र संस्कृतिका रुपमा जयपृथ्वी नगर, बिभिन्न कोटहरु (थलारा, वान्नी) आदि प्रमुख स्थानहरु मानिन्छन् । सांस्कृतिक रितिरिवाज तथा परम्पराका रुपमा विषु पर्व, दशहरा (दहरो), साउने संक्रान्ति (लुतो हटाउने, भूत भगाउने), गावे संक्रान्ति, घांसे संक्रान्ति, नौंखानु, दशैं, भाईटिका (भाइत्यार), सिउरो, गौरापर्व, ग्वाले जातो, कथा, सप्ताह, नवाह, भुवो भस्सो, माघी (चेली तिहार), खाइवस्नु, चैते दशै, देउडा, हुड्क्यौली (भार्त्या), मांगल, छैटी, रत्यौली, नवाखी पूजा ईत्यादी उल्लेख्य रहेका छन् ।

### २.१.९.३ जिल्लाका प्रमुख धार्मिक क्षेत्र तथा मठ मन्दिर

धार्मिक हिसावले यस जिल्लामा अधिकांश जनसंख्या हिन्दु धर्मावलम्वीको भएका कारणले पनि हिन्दु

धर्मावलम्बीका धार्मिक मन्दिरहरु, परम्पराहरु उल्लेख्य रहेका छन् । जिल्लाका धार्मिक मठ मन्दिरको विवरण निम्न अनुसार रहेको छ :

| क्र.सं. | प्रमुख धार्मिक क्षेत्र तथा मठमन्दिर | स्थान |
|---|---|---|
| १. | सुर्मादेवी मन्दिर | चैनपुर |
| २. | माइकोथान | खप्तड कोइरालकोट, पौवागढी |
| ३. | खप्तडवावा कुटी | खप्तड |
| ४. | सहस्रलिंग | खप्तड |
| ५. | खापरमाणु | खप्तड, मालुमेला, कोइरालकोट, पाटादेवल |
| ६. | मष्टामाणु | भातेखोला, बान्नी, कोइरालकोट गाँइबिप्रा, तवापण मष्टामाणु पौवागढी, सुनिकोट, तल्कोट, हेमन्तवाडा |
| ७. | नवादेवमाणु | पौवागढी, कोइरालकोट, लुयाँटा |
| ८. | कालिका | थलारा खोली, माणुकाटने, लुयाँटा |
| ९. | नाननदेव मन्दिर | हेमन्तवाडा, कोटदेवल |
| १०. | शिवमन्दिर | गडराय |
| ११. | गुम्बा | काँडा |
| १२. | मालिका मन्दिर | रिलु, दौतेला |
| १३. | द्वरकाडी मष्टा मन्दिर | छान्ना, गडराय |
| १४. | दुधिरमाण्डौ | सुवेडा, पाटादेवल |
| १५. | लाटो, रगसुला | गडराय, छान्ना |
| १६. | लाँगो मन्दिर | काँडा, तल्कोट |
| १७. | वेताल मन्दिर | छान्ना |
| १८. | देवल बाँझ | पाराकाट्ने |
| १९. | वडीज्यावल बाह्रदेउ मन्दिर | वुगल |
| २०. | राम मन्दिर | गडराय |
| | | *स्रोत : जिविस वझाङ, २०७०* |

२.१.९.४ **चलन चल्तीका प्रमुख बाजा**

पञ्चेबाजा, सनई, वासुरी, मादल, दमाह, ट्याम्को, नरसिंहा, मुजुरा, घुँघुरा, आदि ।

२.१.९.५ **जिल्लामा उपलब्ध प्रमुख जडिबुटी तथा गैर काष्ठ**

यार्सागुम्बा लगायत अमला, रिठा, पाषणवेद, सतुवा, पावनबोक्रा, कटुकी, झ्याउ लगायत ८ प्रकारका प्रजातिहरु बार्षिक २००० केजीभन्दा बढी परिणाममा संकलन तथा बिक्रि वितरण हुने गरेको पाइन्छ । यसका साथै विभिन्न किसिमका गैरकाष्ठजन्य उत्पादन एवं वस्तुहरु यहाँ पर्याप्त मात्रामा उपलब्ध हुने भए पनि यसको उपयुक्त किसिमबाट पहिचान, प्रशोधन एवं बजार व्यवस्थापन गर्न सकिएको छैन ।

२.१.९.६ **जिल्लामा उपलब्ध अन्य राष्ट्रिय सम्पदाहरु**

डाँफे, लालिगुराँस, जयपृथ्वीनगर, मानवतावादी तथा शिक्षाप्रेमी राजा जयपृथ्वी वहादुर सिंहको दरवार ।

२.१.९.७ **प्रमुख चाडपर्व तथा जातजात्रा**

जिल्लाका विभिन्न गाविस तथा स्थानहरु स्थानीय मेला, जात्रा, जातपर्वका लागि उल्लेख्य रहेका छन् । यहाँका प्रमुख जात्रा तथा पर्वहरु सम्बन्धी विवरण यस प्रकार रहेको छ :

| प्रमुख जातजात्रा | समय | स्थान |
|---|---|---|
| १. विशु पर्ब | वैशाख १ गते | घट्यावगर (लामातोला), माडुकाट्ने, कोइरालाकोट, झोता लगायत ४७ वटै गाविस |
| २. चनुकाँडा खापरजात | बैशाख, शुक्ल पूर्णिमा | खापरमाडु, कोइरालाकोट, मालुमेला |
| ३.गंगा दशहरा | जेठ शुक्ल दशमी | खप्तड, त्रिवेणी पाटन |
| ४.सैनडाडो | भाद्रशुक्ल पूर्णिमा | पिठातोला, पाटादेवल |
| ५.सुर्माकी जात | कार्तिक पूर्णिमा | सुर्मा |
| ६. दशैं, अष्टमी (चैते अष्टमी समेत) | दशैं अष्टमी | कोटहरु, तल्कोट, थलाराखोलीकोट, माइकोथान खप्तड, कालिकाथान, गडराय, देवल रिठापाटा |
| ७. वडा दशैं | असोज शुक्ल दशमी | थलारा खोली, तल्कोट, गडराय |
| ८. चद्यसी | असोज शुक्ल चतुर्दशी | कोइरालाकोट |
| ९. सिलदेवी | असोज शुक्ल पूर्णिमा | चैनपुर बजार |
| १०. भूओ (भस्सो) | पौष | सबै गाविस |
| ११. माघी | माघे संक्रान्ती | सबै गाविस |
| १२. होली | फागुन चैत्र | सबै गाविस (हाल प्रचलन बढ्दै गएको) |
| १३. बान्नीकी चैतली | चैत्र | कंडेल (वान्नीचौर) |
| १४ गौरा | कृष्ण जन्माष्टमी | सवै गाविस |
| १५ ताकासेलाई | कार्तिक ६ र २३ (२ वटा चलन | सवै गाविस |
| १६. माँगल, डेउडा | प्रमुख जात्रा तथा पर्वहरु | सबै समुदाय र गाविसहरु |

## २.२ जनसंख्या विवरण तथा प्रक्षेपण

### २.२.१ जनसंख्याको आकार

वि.सं.२०६८ सालको जनगणना अनुसार जिल्लाको कुल घरधुरी संख्या ३३७८६ रहेको छ। जसमा संस्थागत घरधुरी संख्या १३ रहेको छ। जनगणना २०६८ अनुसार जिल्लाको कुल संस्थागत सहितको जनसंख्या १,९५,१५९ रहेको छ। कुल जनसंख्याको १,०२,३६५ (लगभग ५२ प्रतिशत) महिला तथा ९२,७९४ (लगभग ४८ प्रतिशत) पुरुष रहेका छन्।

| क्र सं. | गाविस | घरधुरी संख्या | जनसंख्या | | |
|---|---|---|---|---|---|
| | | | जम्मा | पुरुष | महिला |
| १ | बाँझ | ८१८ | ४,९४४ | २,३२४ | २,६२० |
| २ | भैरवनाथ | ८६८ | ५,०३७ | २,३६९ | २,६६८ |
| ३ | भामचौर | ७४८ | ४,९३१ | २,४१२ | २,५१९ |
| ४ | भातेखोला | ५७९ | ३,५७७ | १,६५७ | १,९२० |
| ५ | व्यासी | ७१८ | ४,२३६ | २,०११ | २,२२५ |
| ६ | चैनपुर | १,२०४ | ६,६४२ | ३,३६९ | ३,२७३ |
| ७ | चौधारी | ७०७ | ३,४०६ | १,५२४ | १,८८२ |
| ८ | दहवगर | १,०३५ | ६,११७ | ३,०१८ | ३,०९९ |

| क्र सं. | गाविस | घरधुरी संख्या | जनसंख्या | | |
|---|---|---|---|---|---|
| | | | जम्मा | पूरुष | महिला |
| ९ | दंगाजी | ७३२ | ४,२९० | २,०४४ | २,२४६ |
| १० | दातोला | ५४७ | ३,१५६ | १,५३२ | १,६२४ |
| ११ | दौलीचौर | ८३९ | ५,३१७ | २,६९४ | २,६२३ |
| १२ | देउलेख | ७०३ | ४,३८७ | २,१३६ | २,२५१ |
| १३ | देउलीकोट | १,१९५ | ७,४९९ | ३,६९४ | ३,८०५ |
| १४ | धमेना | ४६३ | २,८३५ | १,३९७ | १,४३८ |
| १५ | गडराय | ५६० | ३,०२२ | १,४०१ | १,६२१ |
| १६ | हेमन्तवाडा | ५४९ | ३,३३९ | १,५३२ | १,८०७ |
| १७ | कडेल | ८२९ | ४,७६२ | २,२५४ | २,५०८ |
| १८ | कैलाश | ३३९ | १,९११ | ९१७ | ९९४ |
| १९ | कालुखेती | ५०७ | २,५५७ | १,१७५ | १,३८२ |
| २० | काँडा | ३६३ | २,१८२ | १,१०६ | १,०७६ |
| २१ | कफलसेरी | १,०५१ | ६,६९२ | ३,३२० | ३,३७२ |
| २२ | खिरातडी | १,४१२ | ८,०५७ | ३,७६१ | ४,२९६ |
| २३ | कोईरालाकोट | ६१५ | ३,६३१ | १,६५१ | १,९८० |
| २४ | कोटभैरव | ६६८ | ३,४९५ | १,५७१ | १,९२४ |
| २५ | कोटदेवल | ५५८ | ३,२९१ | १,४९४ | १,७९७ |
| २६ | लामातोला | ३७० | १,८५४ | ८०९ | १,०४५ |
| २७ | लेकगाउँ | ९५५ | ४,७८३ | २,२७९ | २,५०४ |
| २८ | लुयाटा | ५२५ | २,९५४ | १,३३२ | १,६२२ |
| २९ | माझीगाउँ | ७८८ | ४,०३२ | १,७८७ | २,२४५ |
| ३० | मालुमेला | ४१० | २,२७९ | १,०६० | १,२१९ |
| ३१ | मष्टा | ५०० | २,७४३ | १,३२७ | १,४१६ |
| ३२ | मटेला | ४५१ | २,५१५ | १,१३५ | १,३८० |
| ३३ | मौलाली | ६२३ | ३,४१३ | १,५६७ | १,८४६ |
| ३४ | मेलविसौना | ६१९ | ३,४९२ | १,६७२ | १,८२० |
| ३५ | पाराकाट्ने | ७८६ | ४,२५७ | १,९३५ | २,३२२ |
| ३६ | पाटादेवल | ५१४ | २,४६६ | १,१०० | १,३६६ |
| ३७ | पौवागढी | ३६६ | १,९६२ | ८७८ | १,०८४ |
| ३८ | पिपलकोट | ७८७ | ४,८५९ | २,४२३ | २,४३६ |
| ३९ | रायल | १,१५२ | ६,३९५ | २,९४१ | ३,४५४ |
| ४० | रिलु | ८१९ | ५,३४० | २,६३३ | २,७०७ |
| ४१ | रिठापाटा | ५८६ | २,९५९ | १,४७१ | १,४८८ |
| ४२ | सैनपसेला | १,११७ | ६,१५३ | २,८२४ | ३,३२९ |
| ४३ | सुवेडा | ८१२ | ४,३८६ | २,०३४ | २,३५२ |
| ४४ | सुनिकोट | ३७१ | २,०७४ | ९४० | १,१३४ |
| ४५ | सुनकुडा | १,२५९ | ७,१९४ | ३,२७५ | ३,९१९ |

| क्र सं. | गाविस | घरधुरी संख्या | जनसंख्या | | |
|---|---|---|---|---|---|
| | | | जम्मा | पुरुष | महिला |
| ४६ | सुर्मा | ५७९ | ३,७०५ | १,८५३ | १,८५२ |
| ४७ | स्याँडी | ७७७ | ५,५७३ | २,७०७ | २,८६६ |
| ९९९ | संस्थागत | १३ | ४५८ | ४४९ | ९ |
| | **जम्मा** | ३३,७८६ | १९५,१५९ | ९२,७९४ | १०२,३६५ |

*स्रोतः केन्द्रीय तथ्यांक विभाग, राष्ट्रिय जनगणना, २०६८*

खिरातडी गाउँ विकास समिति सवैभन्दा बढी घरधुरी संख्या १४१२ तथा जनसंख्या ८०५७ रहेको छ भने सवै भन्दा कम घरधुरी सख्या ३३९ रहेको गाउँ विकास समिति कैलाश हो । जनसंख्याको दृष्टिकोणबाट सवैभन्दा कम १८५४ जना भएको गाउँ विकास समिति लामातोला रहेको छ ।

### २.२.१.१ जिल्लामा इलाकागतरुपमा जनसंख्याको वितरण

जम्मा ११ वटा इलाका रहेको बझाङ जिल्लामा जनसंख्याका हिसावले सबैभन्दा बढी जनसंख्या इलाका नं १० मा रहेको छ भने सबैभन्दा कम इलाका नं. ४ मा रहेको छ । जिल्लाको कुल क्षेत्रफलको लगभग ५२ प्रतिशत क्षेत्रफल इलाका नं. १ मा पर्दछ ।

| इलाका | जनसंख्या | क्षेत्रफल वर्ग कि.मि. | जनघनत्व | गाविस संख्या | इलाकागत गाविसको विवरण |
|---|---|---|---|---|---|
| १ | १३७३९ | १७९८.४६ | ७.६३ | ५ | सुनिकोट, धमेना, काँडा, मेलविसौना, दाँतोला |
| २ | १४९५१ | १०८.९९ | १३७.१७ | ४ | रिलु, मस्टा, भातेखोला, कोटदेवल |
| ३ | २३००९ | ३५९.२२ | ६४.०५ | ५ | रिठापाटा, चैनपुर, सुवेडा, सुर्मा,दउलीचौर |
| ४ | १०४८३ | ९४.६ | ११०.८१ | ४ | हेमन्तवाडा, लुयाटा, मालुमेला, कैलाश |
| ५ | १६२९६ | ११६.०३ | १४०.४४ | ४ | लेकगाउँ, व्यासी, कडेल, मटेला |
| ६ | १५८९३ | ११३.४६ | १४०.०७ | ६ | गडराय, पाटादेवल, माझिगाउँ, लामातोला, कालुखेती, पौवागढी |
| ७ | १२९७२ | ६१.६७ | २१०.३४ | ३ | चैधारी, मौलाली, सैनपसेला |
| ८ | २१३०७ | ११३.५९ | १८७.५७ | ४ | भैरवनाथ, रायल, भामचौर, बाँझ |
| ९ | १५६७३ | ८७.९१ | १७८.२८ | ४ | दंगाजी, पाराकाट्ने, कोटभैरव, कोइरालकोट |
| १० | २५७२५ | ४०५.९ | ६३.३७ | ४ | दहबगर, खिरातडी, पिपलकोट, कफलसेरी |
| ११ | २४६५३ | १२६.३४ | १९५.१३ | ४ | देउलीकोट, देउलेख, स्याडी, सुनकुडा |

*स्रोतः केन्द्रीय तथ्यांक विभाग, राष्ट्रिय जनगणना २०६८*

इलाकागत रुपमा हेर्दा १० नं. इलाकामा सवैभन्दा बढी तथा इलाका नं. ४ मा सवैभन्दा कम जनसख्या रहेको छ । यसैगरी इलाका नं. ७ मा सवैभन्दा कम क्षेत्रफल तथा इलाका नं.१ मा सवैभन्दा बढी क्षेत्रफल रहेको छ । क्षेत्रफलका आधारमा इलाका नं. १ मा नेपालकै सवैभन्दा ठूलो गाउँ विकास समिति काँडा रहेको हुनाले यो बढी क्षेत्रफल भएको इलाका हुन पुगेको हो ।

## २.२.२ उमेर समूह तथा लिंग अनुसार जनसंख्या

| सबै उमेर समूहका जम्मा | जम्मा | प्रतिशत | पुरुष | प्रतिशत | महिला | प्रतिशत |
|---|---|---|---|---|---|---|
| | १९५,१५९ | १००.०० | ९२,७९४ | १००.०० | १०२,३६५ | १००.०० |
| ००-०४ वर्ष | २७,१६१ | १३.९२ | १३,९१९ | १५.०० | १३,२४२ | १२.९४ |
| ०५-०९ वर्ष | ३०,७३८ | १५.७५ | १५,५६४ | १६.७७ | १५,१७४ | १४.८२ |
| १०-१४ वर्ष | २८,८७६ | १४.८० | १४,४४५ | १५.५७ | १४,४३१ | १४.१० |
| १५-१९ वर्ष | १९,९०६ | १०.२० | ९,७२६ | १०.४८ | १०,१८० | ९.९४ |
| २०-२४ वर्ष | १४,५८४ | ७.४७ | ६,३६५ | ६.८६ | ८,२१९ | ८.०३ |
| २५-२९ वर्ष | १२,६४३ | ६.४८ | ५,५३७ | ५.९७ | ७,१०६ | ६.९४ |
| ३०-३४ वर्ष | १०,३९९ | ५.३३ | ४,४६८ | ४.८१ | ५,९३१ | ५.७९ |
| ३५-३९ वर्ष | ९,६९९ | ४.९७ | ४,३७२ | ४.७१ | ५,३२७ | ५.२० |
| ४०-४४ वर्ष | ८,१७२ | ४.१९ | ३,६६० | ३.९४ | ४,५१२ | ४.४१ |
| ४५-४९ वर्ष | ७,०४७ | ३.६१ | ३,२०१ | ३.४५ | ३,८४६ | ३.७६ |
| ५०-५४ वर्ष | ५,९६० | ३.०५ | २,८६९ | ३.०९ | ३,०९१ | ३.०२ |
| ५५-५९ वर्ष | ४,९६६ | २.५४ | २,४३० | २.६२ | २,५३६ | २.४८ |
| ६०-६४ वर्ष | ५,३७७ | २.७६ | २,१५४ | २.३२ | ३,२२३ | ३.१५ |
| ६५-६९ वर्ष | ४,०४५ | २.०७ | १,७६५ | १.९० | २,२८० | २.२३ |
| ७०-७४ वर्ष | २,९५१ | १.५१ | १,१६४ | १.२५ | १,७८७ | १.७५ |
| ७५-७९ वर्ष | १,४८३ | ०.७६ | ६६२ | ०.७१ | ८२१ | ०.८० |
| ८०-८४ वर्ष | ७९० | ०.४० | ३४१ | ०.३७ | ४४९ | ०.४४ |
| ८५-८९ वर्ष | २३२ | ०.१२ | १०७ | ०.१२ | १२५ | ०.१२ |
| ९०-९४ वर्ष | ७६ | ०.०४ | ३१ | ०.०३ | ४५ | ०.०४ |
| ९५+ वर्ष | ५४ | ०.०३ | १४ | ०.०२ | ४० | ०.०४ |

*स्रोत : केन्द्रीय तथ्यांक विभाग, राष्ट्रिय जनगणना २०६८*

उमेर समूहगत रुपमा हेर्दा जिल्लामा सवैभन्दा बढी जनसंख्या ५ देखि ९ वर्ष उमेरसमूहका तथा सवैभन्दा कम ९५ वर्षभन्दा माथिका ०.०४ प्रतिशत रहेका छन् । १४ वर्षभन्दा कम उमेरका करिव ४२ प्रतिशत तथा १५ वर्षदेखि ५९ वर्षसम्मका करिव ५० प्रतिशत र ६० वर्षभन्दा बढी उमेरका करिव ९ प्रतिशत रहेको पाइन्छ । यसबाट आर्थिक रुपमा सक्रिय जनसंख्या उल्लेख्य रहेको पाइन्छ । यद्यपि यहाँ रोजगार तथा स्वरोजगारका क्रियाकलापहरु कम रहेको हुनाले तथा कृषि पेशामा संलग्न जनशक्ति पनि आंशिक रुपमा मात्र रोजगार प्राप्त भएको हुनाले यसमा ध्यान दिनुपर्ने आवश्यक छ ।




## २.२.३ जनजाति, धर्म तथा भाषागत जनसंख्या विवरण

### २.२.३.१ जातजातिगत आधारमा जिल्लाको जनसंख्या

नेपालमा पछिल्लो जनगणनाका आधारमा १२५ जातजाति तथा १२३ भाषाभाषी रहेका छन् । जातजातिगत आधारमा बझाङ जिल्लामा खस आर्य समुदायको उच्च उपस्थिति रहेको छ । जसमा क्षेत्री सबैभन्दा बढी रहेका छन् । ब्राम्हण, दलित, ठकुरी जातजातिहरु जिल्लामा ठूलो जनसंख्या भएका समुदाय हुन । जिल्लामा अन्य सीमान्तकृत तथा लोपोन्मुख जनजातिहरुको साह्रै न्यून वसोवास रहेको छ ।

| जातजाति | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| जम्मा | ९२,७९४ | १०२,३६५ | १९५,१५९ | १०० |
| क्षेत्री | ६२,२९२ | ६७,५७३ | १२९,८६५ | ६६.५४ |
| वाहुन (पहाडी) | ९,२०४ | १०,६९३ | १९,८९७ | १०.२० |
| कामी | ६,७३९ | ७,५६४ | १४,३०३ | ७.३३ |
| ठकुरी | ४,४१८ | ५,०६२ | ९,४८० | ४.८६ |
| सार्की | २,०२६ | २,३०५ | ४,३३१ | २.२२ |
| दमाई/ढोली | १,३३१ | १,६६४ | २,९९५ | १.५३ |

| जातजाति | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| दशनामी/सन्यासी | १,१०८ | १,३२८ | २,४३६ | १.२५ |
| वादी | १९१ | २५३ | ४४४ | ०.२३ |
| तामाङ | १३६ | ११४ | २५० | ०.१३ |
| मगर | १२१ | ८९ | २१० | ०.११ |
| नेवार | ९९ | ७९ | १७८ | ०.०९ |
| गुरुङ | ७६ | ६८ | १४४ | ०.०७ |
| थारु | ७२ | ६१ | १३३ | ०.०७ |
| राजपुत | ४१ | ३६ | ७७ | ०.०४ |
| लोहार | ३२ | २२ | ५४ | ०.०३ |
| वङ्गाली | २३ | २८ | ५१ | ०.०३ |
| राई | २१ | १४ | ३५ | ०.०२ |
| भोटे | ९ | १३ | २२ | ०.०१ |
| धोवी | १० | १० | २० | ०.०१ |
| कायस्थ | १० | १० | २० | ०.०१ |
| घर्ती/भुजेल | ८ | ४ | १२ | ०.०१ |
| अन्य दलित | ४,६९६ | ५,२३८ | ९,९३४ | ५.०९ |
| अन्य तराईवासी | ६० | ६९ | १२९ | ०.०७ |
| अन्य नखुलेको | ६५ | ५९ | १२४ | ०.०६ |
| विदेशी | ६ | ९ | १५ | ०.०१ |

*स्रोतः केन्द्रीय तथ्यांक विभाग, राष्ट्रिय जनगणना, २०६८*




२०६८ को जनगणना अनुसार जिल्लामा ६६.५४ प्रतिशत जनसंख्या क्षत्री, १६.४३ प्रतिशत दलित, १०.२० प्रतिशत ब्राम्हण रहेका छन् । जिल्लामा कुल जनसंख्याको ६.८३ प्रतिशत भन्दा कम जनसंख्या यी वाहेकका जातजातिको रहेको छ ।

२.२.३.२ धर्मका आधारमा जिल्लाको जनसंख्या

| क्षेत्र | सबै धर्म मान्ने कुल | हिन्दु | बौद्ध | इस्लाम | किराँत | क्रिश्चियन |
|---|---|---|---|---|---|---|
| नेपाल | २६४९४५०४ | २१५५१४९२ | २३९६०९९ | ११६२३७० | ८०७१६९ | ३७५६९९ |
| बझाङ्ग | १९५१५९ | १९४६५६ | ३५९ | ८ | ० | ५१ |
| **क्षेत्र** | **प्रकृति** | **बोन** | **जैन** | **बहाई** | **शिख** | **उल्लेख नभएको** |
| नेपाल | १२१९८२ | १३००६ | ३२१४ | १२८३ | ६०९ | ६१५८१ |
| बझाङ्ग | ७ | ० | ० | ६ | ० | ७२ |

*स्रोतः केन्द्रीय तथ्यांक विभाग, राष्ट्रिय जनगणना, २०६८*

बझाङ्ग जिल्लामा कुल जनसंख्याको ९९.७२ प्रतिशत हिन्दु धर्मावलम्बीहरुको रहेको छ । जिल्लामा बौद्ध, इस्लाम, क्रिश्चियन, प्रकृति र वहाई लगायत अन्य धर्मावलम्बीहरुको संख्या न्यून रहेको छ ।

२.२.३.३ परिवार मूलीका आधारमा घरधुरी

| जम्मा परिवार सङ्ख्या | परिवार मूली | | घर वा आवासीय इकाइको स्वमित्व | | | |
|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | आफ्नै | भाडामा | संस्थागत | अन्य |
| ३३७७३ | २५३४१ | ८४४५ | ३२९०४ | ५६० | ११० | १९९ |

*स्रोतः केन्द्रीय तथ्यांक विभाग, राष्ट्रिय जनगणना, २०६८*

परिवारमुलीका आधारमा महिला परिवारमुली भएका घरधुरी ८४४५ रहेको छ । बझाङ्गवासीहरुमा ३३७७३ घरधुरीमध्ये ३२९०४ घरधुरी आफ्नै स्वामित्वको घरमा वसोवास गर्दछन् ।

२.२.३.४ मातृभाषाका आधारमा जिल्लाको जनसंख्याको विवरण

जिल्लाको अधिकांश जनसंख्याले मातृभाषाका रुपमा बझाङ्गी रोजेको पाइन्छ । यसका अलावा नेपाली मातृभाषाका रुपमा बोल्ने जनसंख्या उल्लेख्य रहेको छ ।

## २.४ अपाङ्गता भएका जनसङ्ख्या विवरण

राष्ट्रिय जनगणना, २०६८ अनुसार कुल जनसंख्यामा ४९७६ जना पूर्ण र आंशिक अपाङ्गता भएका जनसंख्या रहेको छ । शारिरिक र मानसिक अपाङ्गता भएका व्यक्तिहरुमध्ये २५३४ जना पुरुष र २४४२ जना महिला रहेको देखिन्छ । महिला तथा बालबालिका कार्यालयका अनुसार १६६ जना वालिका तथा २२६ जना वालक गरी कुल ३९२ जना बालबालिकामा अपाङ्गता भएको पाइन्छ । जसमध्ये ८५ जना वालिका र १२१ जना वालकहरुले विभिन्न किसिमका परिचयपत्र प्राप्त गरेका छन् ।

## २.५ जिल्लाको जनसंख्याको बैबाहिक अवस्था

| दश वर्ष वा सो भन्दा माथिल्लो उमेरको जनसङ्ख्याको बैबाहिक अवस्था | | | | | | |
|---|---|---|---|---|---|---|
| विवरण | नेपाल | | | बझाङ्ग | | |
| | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला |
| १० बर्षमाथिको कुल जनसङ्ख्या | २०७२१६८२ | ९८९८९०८ | १०८२२७७४ | १३७२६० | ६३३११ | ७३९४९ |
| बिबाहित जनस+ख्या | १३३३८४९६ | ५८८४३८७ | ७४५४१०९ | ८९१६९ | ३७९२२ | ५१२४७ |

| | | | | | | | |
